# टोल विकास संस्था सञ्चालन कार्यविधि २०७५ को
# पहिलो संशोधन

कार्यपालिकाबाट पारित मिति २०८३/०२/२२

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी, कोशी, नेपाल

तीर्थराज राई
प्रमुख प्रशासकीय अधिकृत

| सि. नं. | दफा | उप दफा | मौजुदा व्यबस्था | संशोधनको अबस्था | संशोधन गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | टोलविकास सञ्चालन कार्यविधि २०७५ | • टोलविकास संस्था गठन तथा सञ्चालन कार्यविधि २०७५ | • टोलविकास संस्था सञ्चालन कार्यविधिमा गठनको समेत व्यवस्था भएकोले। | |
| २ | ६ | ३ | टोल विकास कार्यसमितिको अवधि २ बर्षको हुने छ। एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएका व्यक्ति पुनः सोही पदमा लगतै २ बर्षको अवधि पूरा नभई पुन नियुक्ति हुने छैन। | • कार्यसमितिको ३ बर्षको अवधि<br>• विशेष कारणले २५ प्रतिशतसम्म कार्यसमितिका पदाधिकारी सदस्यको पद रिक्त भएमा पूर्ण बैठकले पदपूर्ति गर्न सक्ने छ।<br>• कार्यविधिको दफा ६ को उपदफा ३ बाट पुनः कार्यसमितिमा निर्वाचित हुन सक्ने छ । | • सामान्यतया कार्यसमितिको ३ बर्षे अवधि कायम गरियो भने त्यो कार्यमसितिलाई काम गर्ने समय<br>• कार्यसमितिको प्रत्येक बर्ष वार्षिक साधारण सभा<br>• कार्यसमितिको नियुक्तिभन्दा पनि निर्वाचित वा मनोनित शब्द राख्नु उपयुक्त हुने। | |
| ३ | ७ | | टोल विकास संस्थाको कार्यसमितिको पदाधिकारीहरु<br>१ अध्यक्ष -१<br>२ उपाध्यक्ष -१<br>३ कोषाध्यक्ष -१<br>४ सचिव -१<br>५ सदस्य आवश्यकता अनुसार ७ देखि ११ जनासम्म | १ अध्यक्ष -१<br>२ उपाध्यक्ष -१<br>३ सचिव -१<br>४ सहसचिव - १<br>५ कोषाध्यक्ष -१<br>६ सदस्य आवश्यकता अनुसार ७ देखि १० जनासम्म | सामान्यतया संघ संस्थाहरुको पदाधिकारीहरुको पद तह निर्धारणमा सचिब पछि कोषाध्यक्ष लेख्ने गरेको हुँदा सचिव पद पछि कोषाध्यक्ष राख्न उचित हुने साथै सहसचिवको पद थप गर्ने। | |
| ४ | ९ | | १७ उपदफा थप गर्ने | टोलमा सरकारी तथा गैर सरकारी निकायहरुले भौतिक पूर्वधार विकास तथा निमार्ण हुने हरेक योजनाहरुमा अपाङ्गता मैत्री बनाउनमा जोड दिन सहजीकरण वा सहयोग गर्ने। | अपाङ्गता भएको वर्ग समुदायको सहज पहुँच गराउन | |
| ५ | १२ (क) | उपदफा १ | टोल सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क | टोल विकास संस्था सदस्यता शुल्कप्रति घरधुरी मासिक रु १०० सम्म। (सय रुपैया) लिन सक्नेछ। टोल विकास संस्थासँग नयाँ सदस्य जोडिन आएमा प्रवेश गरेको मितिबाट मात्र शुल्क लिनु पर्नेछ। | कार्यविधिमा टोल सदस्यता शुल्क किटान नभएकोले जथाभावी सदस्यता शुल्क लिएका कारण विवाद समेत हुने गरेकोले। | |
| ६ | १२ | (ङ) | <u>टोल विकास संस्थाको खाता खोल्ने र सञ्चालनः-</u><br>संस्थाको खाता नगरपालिकाको सिफारिसमा धरान स्थित राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय धरानमा खोल्नु पर्नेछ र सो खाताको सञ्चालन संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । | <u>टोल विकास संस्थाको खाता खोल्ने र सञ्चालनः-</u><br>संस्थाको खाता सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिका भित्रका राष्ट्रिय बाणिज्य बैङ्क वा "ग" वर्गको बैङ्कहरुको कार्यालयमा खाता खोल्नु पर्नेछ र सो खाताको सञ्चालन टोल विकास संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । | टोल विकास संस्था वडा कार्यालयहरुको मातहत र प्रत्यक्ष अनुगमनमा रहने भएकोले खाता खोल्न सम्बन्धित वडाले सिफारिस गर्ने।<br>पालिकाभित्र "ग" वर्गको बैंकहरुका शाखाहरुको कारोबार रहेकोले पायक पर्ने स्थानमा खाता खोल्न सकिनेछ। | |

२०८१।३।२९

तीर्थराज राई
प्रमुख प्रशासकीय अधिकृत

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धरान-१२, सुनसरी, कोशी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | १२ (च) | १ | **टोल विकास संस्थाको लेखापरीक्षणः-**<br>संस्थाले नियुक्त गरेको लेखापरीकक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ। | टोलविकास संस्थाले सालवसालीरुपमा लेखा परीक्षण गराउनु पर्नेछ। | संस्थाको आर्थिक कारोवारको हरहिसाब राख्ने र संस्थालाई जबाफदेही र पारदर्शी बनाउन आवश्यकता भएकोले। | |
| ८ | १२ (च) | ३ | **टोल विकास संस्थाको लेखापरीक्षणः-**<br>संस्थाले आफ्नो लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित नगरपालिकामा समेत पेस गर्नुपर्नेछ । | टोलविकास संस्थाको लेखा परीक्षण प्रतिवेदन सम्बन्धी वडा र पालिकालाई पेस गर्नु पर्ने। | टोल विकास संस्था सम्बन्धित वडाको प्रत्यक्ष सहभागिता र उपस्थितिमा गठन हुने र सम्बन्धित वडाको सिफारिसमा दर्ता/सूचिकृत हुने र हरेक कार्य सञ्चालन वडाको समन्वय र सिफारिसमा हुने तथा वडाको अभिन्न सहयोगी हुने भएकोले लेखा परीक्षण प्रतिवेदन सम्बन्धी वडा र पालिकालाई पेस गर्नु पर्ने। | |
| ९ | | | दफा १ थप गर्नुपर्ने | कार्यसमितिको पदाधिकारी सदस्यहरुको रिक्त हुन अवस्थाः-<br>• कार्यसमिति समक्ष राजिनामा दिएको स्वीकृत भएमा<br>• मृत्यु भएमा<br>• फौजदारी मुद्धा ठहर भएमा<br>• बिना जानकारी ३ पटकभन्दा बढी कार्यसमितिको बैठकमा अनुपस्थित रहेमा<br>• नगरपालिकाको कार्यक्षेत्रभन्दा बाहिर बसोबास वा ६ महिनाभन्दा बढी अन्य राष्ट्रमा बसोबास गरेमा<br>• संस्थाको हित विपरीत कार्य गरेको ठहर भई कार्यसमितिको निर्णय अनुसार निलम्बनमा परेको अवधि वा निष्कासन भएमा | • दफा नभएको कारण कार्यसमितिमा रहेका धेरै पदाधिकारी र सदस्यहरुले लामो समय वैदेशिक रोजगारीमा गएका वा परिवारसँग विदेशमा बस्ने र टोल विकास संस्थाको पदाधिकार समेत रहिरहने भएकोले टोल विकास संस्थाहरुको दैनिक कार्य सञ्चालनमा बाधा पुगेकोले<br>• दफा १४ लाई १५ बनाइ बनाउन उचित हुने | |
| १० | | | दफा थप गर्नुपर्ने | वडाहरुमा गठन भएको टोल विकास संस्थाहरुको अन्तर संवाद सहकार्य समन्वयका लागि सबै संस्थाको प्रतिनिधिमूलक एउटा वडा स्तरीय टोल विकास संस्था वडा संजाल गठन गर्न आवश्यक देखिएको ।<br>एउटा वडा संजाल गठन तथा पदाधिकारी<br>• पदाधिकारीहरुमा कम्तिमा ३३ प्रतिशत महिला/समावेशी हुनेछ ।<br>अध्यक्ष – १<br>उपाध्यक्ष – १<br>सचिव – १<br>सदस्य – बढिमा ४ | वडा स्तरीय टोल विकास संस्था गठन गर्ने कार्यविधिमा नभएकोले अधिकांश संस्थाहरुको सुझाब तथा माग रहेको | |

तीर्थराज [illegible]
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • वडा संजालको गठन वडा भित्र रहेका सबै टोलविकास संस्थाहरुको अध्यक्षहरुको भेलाबाट वडा समितिको रोहबरमा गठन हुनेछ।<br>• अध्यक्षहरुको भेलाबाट माथि उल्लेखित सञ्जाल गठन हुन नसक्ने भएमा वडा समितिले संयोजक सदस्य तोक्न सक्नेछ।<br>• संजालको कार्यकाल ३ बर्षको हुनेछ । | | |
| ११ | | | | वडा संजालको काम कर्तव्य र अधिकारः-<br>• वडा कार्यालयको सहयोगी संस्थाको रुपमा कार्य गर्नुपर्नेछ ।<br>• वडामा गठन भएको टोल विकास संस्थाहरुको छाता संस्थाको रुपमा काम गर्नुपर्नेछ ।<br>• वडा भित्रका टोल विकास संस्थाहरुसगको समन्वय सहकार्य एव सहयोगी संस्थाको रुपमा कार्य गर्नुपर्नेछ ।<br>• वडा भित्र निमार्ण हुने सबै खालको भौतिक पूर्वाधारहरु मैत्रीपूर्ण निमार्ण गर्न सहयोग गर्ने गराउनेछ ।<br>• वडाका टोल विकास संस्थाहरुको सहयोगी भूमिकामा रहनुपर्नेछ ।<br>• संस्थाको मुख्य कामका लागि वडासँग समन्वय गरी कानुन विपरीत हुने कार्य गर्न पाइने छैन। | संजालको काम कर्तव्य अधिकारको सम्बन्धमा कार्यविधिमा प्रष्ट उल्लेख भए कार्य व्यवस्थापनमा सहज हुन्छ | |
| १२ | | | दफा थप गर्ने | • नगर भित्रका सबै टोल विकास संस्थाहरुले एकै प्रकारको लोगो वा संस्थाको छाप प्रयोग गर्नुपर्नेछ र सो को डिजाइन तथा व्यवस्थापन नगर तथा वडा कार्यालयले गर्ने छ। | टोल वडा र नगर टोल विकास संस्थाहरुको आर्थिक कारोबार गर्नका लागि बैंक खाता खोल्न छाप आवश्यक भएकोले र लोगो पनि राख्न उपयुक्त हुने । | |

<u>प्रमाणित गर्ने</u>

नाम,थरः तीर्थराज राई

पदः प्रमुख प्रशासकीय अधिकृत, ध.उ.म.न.पा.

मितिः २०८२/०३/२९

दस्तखतः

२०८२।३।२९

तीर्थराज राई
प्रमुख प्रशासकीय अधिकृत